# प्रेस विज्ञप्ति

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II) को राष्ट्रिय कार्यकारी समिति (NEC) को एघारौ वैठक मिति २०७५ साल मङ्सिर महिनाको २० गतेका दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभा हलमा माननीय मन्त्री श्री लालबाबु पण्डितज्युको प्रमुख आतिथ्यता तथा सचिव श्री दिनेशकुमार थपलियाज्युको अध्यक्षतामा सम्पन्न भयो l उक्त वैठकमा सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री नारायण प्रसाद बिडारी, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान; स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान; कर्मचारी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकज्युहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; अर्थ मन्त्रालय;कृषि तथा पशुपंक्षी विकास मन्त्रालय; भूमि व्यबस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय; वन तथा वातावरण मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय; सहरी विकास मन्त्रालय;स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उच्च पदाधिकारीहरु; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका महाशाखा प्रमुख, राष्ट्रिय कार्यक्रम निर्देशक, महालेखा नियन्त्रकको कार्यालय; महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,राष्ट्रिय योजना आयोगका उच्च पदाधिकारी; विभागका महानिर्देशक; प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, जिसस महासंघ नेपाल, नेपाल नगरपालिका संघ; गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष, नेपाल सरकारका उपसचिव तथा मन्त्रालयका शाखा प्रमुख, राष्ट्रिय कार्यक्रम प्रबन्धक, सरकारी संचार गृहका पत्रकारहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो l

यसै गरी उक्त बैठकमा विकास साझेदारहरुको तर्फबाट स्विट्जरल्यान्डका महामहिम राजदुत तथा DP-Chair एलिजाबेथ भन क्याप्लर,नर्वेका महामहिम राजदुत लासी जोन जोहानेसन, युरोपिएन युनियनका राजदुत श्री भेरोनिका कोडी,DP Co-Chair तथा बेलायती सहयोग नियोगका नेपाल प्रमुख श्री रुरिक मार्सडेन ओबी तथा UNDP; UNCDF र UNV का प्रतिनिधिहरुको सहभागिता थियो l

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता तथा स्थानीय तह क्षमता विकास महाशाखा प्रमुख श्री सुरेश अधिकारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रि श्री लालबाबु पण्डितले मुलुकको दिगो विकास, सामाजिक न्यायको स्थापना, समतामुलक समाज निर्माण सुशासन तथा आर्थिक सम्वृद्धि एवं गरिबी निवारण गर्ने नेपाल सरकारको प्रयासमा निरन्तर रुपमा सहयोग गर्दै आएका सवै विकास साझेदार संस्थाहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्दै LGCDP कार्यक्रमले स्थानीय शासन प्रक्रियालाई सुदृढिकरण गर्न खेलेको भूमिकाको स्मरण गर्नु भयो l तत्कालिन अवस्थामा विकेन्द्रित शासन व्यवस्थालाई सुदृढीकरण गर्ने नेपाल सरकारको वृहत्तर योजना सहितको LGCDP कार्यक्रम आगामी २०७५ साल पौष १६ देखि समाप्त हुने क्रममा रहेकोले अहिले नेपाल सरकार र विकास

सुरेश अधिकारी
सह-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ